# म्याग्दे गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः३ संख्याः१३ प्रकाशन मितिः२०८०/०९/०५

**भाग-२**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम म्याग्दे गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## नगर प्रहरी (गाउँपालिका प्रहरी) सञ्चालन तथा व्यवस्थापन कार्यविधि - २०८०

गाउँपालिकाबाट स्वीकृत मितिः२०८०/०९/०२

म्याग्दे गाउँपालिका, तनहुँ

**प्रस्तावना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (क) (१) र म्याग्दे गाउँपालिकाको कार्य सम्पादन नियमावलीको नियम ३० तथा म्याग्दे गाउँपालिकाको नगर प्रहरी (गाउँपालका प्रहरी) व्यवस्थापन ऐन २०८० को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी म्याग्दे गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन ऐन, २०८० कार्यन्वयन गर्न म्याग्दे गाउँ कार्यपालिकाले यो "म्याग्दे गाउँपालिका गाउँ कार्यपालिकाको बैठकले नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० बनाई लागु गरेको छ ।

## परिच्छेद– १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुने छ ।

**२. परिभाषाः** विषय र प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(१) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(२) "नगर प्रहरी ऐन" भन्नाले म्याग्दे गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन ऐन २०८० लाई सम्झनु पर्दछ।

(३) "गाउँपालिका" भन्नाले म्याग्दे गाउँपालिकालाई सम्झनु पर्दछ ।

(४) "कार्यालय" भन्नाले गाउँपालिका रहेको केन्द्रीय कार्यालयलाई सम्झनु पर्दछ ।

(५) "समिति" भन्नाले दफा १३ बमोजिम गठन भएको पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

(६) "नगर प्रहरी" भन्नाले म्याग्दे गाउँपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

(७) "भत्ता" भन्नाले म्याग्दे गाउँपालिकाले समय समयमा तोकिदिए बमोजिमको भत्तालाई सम्झनु पर्दछ ।

(८) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

(९) "कार्यपालिका" भन्नाले म्याग्दे गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(१०) "गाउँ सभा" भन्नाले गाउँपालिकाको सभालाई सम्झनु पर्दछ ।

(११) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(१२) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले गाउँ कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(१३) "जवान" भन्नाले यस कार्यबिधि बमोजिम नियुक्त अधिकृत बाहेकका प्रहरी जवानलाई सम्झनु पर्छ ।

(१४) "नगर प्रहरी कर्मचारी" भन्नाले यस कार्यबिधि बमोजिम नियुक्त भएका नगर प्रहरी सहायक निरिक्षक,हवल्दार र जवानलाई समेत लाई सम्झनु पर्छ ।

म्याग्दे गाउँपालिका, तनहुँ

## परिच्छेद–२
## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

**३.नगर प्रहरी सेवाको गठनः** (१) गाउँपालिकामा एक नगर प्रहरी सेवा रहने छ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरूको संख्या कार्यपालिकाले तोके बमोजिम हुने छ ।

**४. गाउँपालिकामा रहने नगर प्रहरीको पद र तहः** (१) नगर प्रहरी सेवामा देहाय बमोजिमका पद र तह रहने छन् ।

| | |
|---|---|
| (क) नगर प्रहरी सहायक निरीक्षक | सहायक स्तर चौथों/ कमण्डर |
| (ख) प्रहरी हवल्दार | सहायक स्तर तेश्रो/सह कमण्डर |
| (ग) प्रहरी जवान | सहायक स्तर द्वितीय (नगर प्रहरी सहयोगी) |

(२) गाउँपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य कर्तव्य, उत्तरदायित्व तथा अधिकार विवरणमा सम्वन्धित पदको काम, म, कर्तव्य, समेत उल्लेख गरिनेछ ।

(३) नगर प्रहरी कर्मचारीहरूको काम, कर्तव्य र अधिकार दफा ५ बमोजिम हुने छ ।

## परिच्छेद– ३
## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

**५.नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकारः**

(१) गाउँपालिकाको नीति, कानुन, मापदण्ड तथा निर्णय कार्यन्वयन,

(२) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण

(३) गाउँपालिकामा हुने सभा समारोह, परम्परा तथा जात्रा, चाडपर्वको सुरक्षा 1 व्यवस्थापन,

(४) गाउँपालिकाको बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवथापन,

(५) गाउँपालिकाको सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,

(६) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,

(७) सार्वजनिक, ऐलानी र प्रति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

(८) गाउँपालिकाको वडा एरियाहरूमा हुने आगलागीका घटना नियन्त्रण गर्ने कार्यमा उपलब्ध जनशक्ति, दमकल र अन्य स्रोत साधन सहित तत्काल परिचालन हुने ।

(९) विपद् व्यवस्थापन सम्बन्धी घटनाहरूमा परिचालन भई तत्काल खोजी, उद्दार, राहत तथा पुनस्थापनामा कार्यमा सक्रिय भूमिका निर्वाह गर्ने,

(१०) अनाधिकृत विज्ञापन तथा होर्डिङ्ग बोर्ड नियन्त्रण,

(११) छाडा पशु चौपायाको नियन्त्रण,

स्याङ्जा गाउँपालिका, तनहुँ

(१२) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(१३) वडाको सुरक्षार्थ आवश्यक व्यवस्था मिलाउने,

(१४) स्थानीय स्तरका जडिवुटी तथा गैह्रकाष्ठ जन्य वन पैदावरको संरक्षण गर्ने,

(१५) प्रकृतिक स्रोत र साधनको संरक्षण गर्ने,

(१६) खानी तथा खनिज पदार्थको संरक्षण गर्ने,

(१७) वन जगंल, वन्य जन्तु, चराचुरुङ्गी तथा वातावरण संरक्षण,

(१८) नदीमा करेण्ट लगाउने, विषदी हाल्ने जस्ता अवैध कृयाकलापको नियन्त्रण,

(१९) कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने ।

## परिच्छेद– ४
## तह विभाजन र पदपूर्ति

**६. पद सिर्जना तथा दरबन्दी खारेजः**

१) गाउँपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरबन्दीहरूको सृजना तथा खारेजी कार्यपालिकाले निर्णय गरे बमोजिम हुने छ ।

(२) दरबन्दी सृजना तथा खारेजीका लागि प्रस्ताव पेस गर्नु भन्दा अघि सो पद सिर्जना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरबन्दीले थप गरेको कार्यबोझ सक्ने र नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले सङ्गठनात्मक स्वरूपमा पार्ने प्रभाव स्पष्ट गरी कार्यपालिका समक्ष पेस गर्नु पर्ने छ ।

(३) आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरी प्रचलित कानुन बमोजिम संस्थागत सेवा करार मार्फत नगर प्रहरीको सेवा लिन सक्नेछ ।

(४) नगर प्रहरी पद स्थायी हुने छैनन ।

(५) वडा कार्यालयहरूमा समेत नगर प्रहरीको क्रमशः व्यवस्था गरिनेछ ।

**७. नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरुः**

नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्धारा पूर्ति गरी नियुक्ति हुने छ र अरु पदहरुमा बढुवाद्धारा पूर्ति गरिनेछ ।

(१) नगर प्रहरी सहायक निरीक्षक अ.स.ई. (कमण्डर)

(२) नगर प्रहरी हवल्दार

(३) नगर प्रहरी जवान

८. **नियुक्ति गर्ने अधिकारीः** पदपूर्ति समितिको सिफारिसमा छनौट भएका नगर प्रहरीलाई कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति गर्नेछ ।

म्याग्दे गाउँपालिका, तनहुँ

**९. खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरुः**

(१) नगर प्रहरी सहायक निरीक्षकको पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची– १ बमोजिम हुनेछ ।

(२) नगर प्रहरी अपल्दार लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची– २ बमोजिम हुनेछ ।

(३) नगर प्रहरी जवान पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची–२ बमोजिम हुनेछ ।

**१०. पदपूर्ति समितिः** कार्यपालिकाबाट पदपूर्ति समिति गठन हुनेछ नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

**११. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः**

(१) दफा ७ बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने ।

(२) खुल्ला प्रतियोगिताको लागि पाठ्यक्रम निर्धारण गर्ने ।

(३) पदपूर्ति कार्यतालिका बनाउने ।

(४) परीक्षाको किसिम तोक्ने ।

(५) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(६) परीक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने ।

(७) नियुक्तिका लागि सिफारिश गर्ने ।

(८) लोकसेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धीत अन्य कार्य गर्ने ।

(९) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि बनाउने निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

**१२. योग्यताक्रम सूची तयार गर्नेः**

(१) उम्मेदवारहरुले प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा पन्ध्र प्रतिशत सम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ।

(२) सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

(३) नियुक्तिको लागि सिफारिश भएको मितिले पैंतीस  दिनभित्र कार्यपालिकाले नियुक्ति दिने निर्णय गरी सक्नु पर्नेछ।

(४) निर्णय भएको मितिले सात दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति पत्र दिनु पर्नेछ

(५) वैकल्पिक उम्मेदवारहरुले छ महिनासम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

म्याग्दे गाउँपालिका, तनहुँ

**१३. ज्येष्ठता क्रम कायम गर्नेः**

(१) नगर प्रहरी सहायक निरीक्षक (अ.स.ई) र हवल्दारको ज्येष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ ।

(२) बहालवाला नगर प्रहरीको हकमा पदपूर्ति समितिले सिफारिस गरेको योग्यताक्रमलाई नै ज्येष्ठताक्रम मानिनेछ ।

## परिच्छेद ५
## आचरण

**१४. दान उपहार लिन नहुनेः** नगर प्रहरीले गाउँपालिकाको पूर्वस्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नुहुदैन ।

**१५. चन्दा लिन नहुनेः** कुनै नगर प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

**१६. सम्पत्तिको विवरण पेश गर्नुपर्नेः** नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन (३) महिना भित्र तोकिएको ढाँचामा सम्पत्ति विवरण दाखिला गर्नुपर्नेछ ।

**१७. व्यापार व्यवसाय गर्न नहुनेः** नगर प्रहरी कर्मचारीले कार्यालयको पूर्वस्वीकृती वेगर कुनै पनि व्यापार व्यवसाय गर्नु हुँदैन ।

**१८. कर्तव्य पालनाको जानकारीमा आएका कुराहरु प्रकाशन गर्न नहुनेः** नगर प्रहरी कर्मचारीले गाउँपालिकाद्वारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेका वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्षरुपबाट यस ऐन वमोजिमको अधिकार प्राप्त व्यक्ति बाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी गराउनु हुँदैन।

**१९. रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुनेः** (१) नगर प्रहरी कर्मचारीले गाउँपालिकाको अनुमतिप्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्नहुँदैन । तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिईरहनु पर्दैन ।

(२) उपदफा (१) बमोजिमको प्रकाशन वा प्रशारण पश्चात आफ्नो संगठनलाई सो को पूर्ण विवरण बारे जानकारी गराउनु पर्छ ।

**२०. गाउँपालिकाको आलोचना गर्न नहुनेः** नगर प्रहरी कर्मचारीले गाउँपालिकाको नीतिको विपरित अथवा गाउँपालिका र गाउँपालिकामा आँच आउने गरी विचार व्यक्त गर्ने, सम्वाद, लेख रचना प्रकाशन गर्ने गर्नुहुदैन ।

**२१. निर्वाचनमा भाग लिन नहुनेः** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारले प्रभाव पार्न हुदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

**२२. राजनीतिमा भाग लिन नहुनेः** नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सो सँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई सहयोग गर्न हुँदैन ।

ग्याङ्गाउँपालिका, नेपाल

**२३. समय पालन र नियमितताः** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र स्वीकृत गराएर मात्र विदामा बस्नुपर्नेछ ।

**२४. अनुशासन र आज्ञापालनः**

(१) नगर प्रहरी कर्मचारीले अनुशासित भई तत्परताका साथ आफ्नो कर्तव्य पालना गर्नुपर्नेछ ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आदेशलाई पालना गर्नुपर्नेछ ।

(३) नगर प्रहरी कर्मचारीले ऋजबष्ल या ऋजबलम मा रही कार्यसम्पादन गर्नुपर्नेछ ।

**२५. बाहिरी प्रभाव पार्न नहुनेः** नगर प्रहरी कर्मचारीले कार्यसम्पादनको सिलसिलामा कुनै अनुचित प्रभाव पार्न वा पार्ने प्रयत्न गर्न हुँदैन ।

**२६. नगर प्रहरी कर्मचारीले कनून विपरीत हुने गरी विवाह गर्नु गराउनु हुँदैन ।**

**२७. लैंगिक संवेदनशील हुनुपर्नेः** कुनै पनि नगर प्रहरी कर्मचारी लैंगिक संवेदनशील रहनुपर्नेछ ।

**२८. हातपात वा जोरजुलुम गर्न नहुनेः** कुनै पनि नगर प्रहरी कर्मचारीले आफू भन्दा माथिल्लो वा मातहत नगर प्रहरी कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुदैन ।

## परिच्छेद– ६
## गाउँपालिकाको प्रशासन र नगर प्रहरीको सम्वन्ध

**२९. गाउँपालिका प्रशासनको नियन्त्रण रहनेः** (१) नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा वाहेक समस्त नगर प्रहरी गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने छन् ।

**३०. नगर प्रहरी प्रमुख मार्फत लेखापढी हुनेः** (१) गाउँ कार्यपालिकाको कार्यालयले नगर प्रहरी सङ्गठनसँग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुखमार्फत नै गर्नुपर्ने छ।

**३१. कारवाही गर्दा परामर्श लिनेः** (१) कुनै पनि नगर प्रहरी कर्मचारीलाई अनुशासन हीनताको कारवाही गर्दा आवश्यकतानुसार नगर प्रहरी प्रमुखको परामर्श लिन सक्नेछ ।

## परिच्छेद– ७
## सजाय र पुनरावेदन

**३२. सजायः** मनासीव माफिकको आधार प्रमाण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय हुन सक्नेछ ।

(१) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने ।

(२) नसिहत दिने ।

(३) तलव वृद्धि वा पदोन्नति रोक्का गर्ने ।

(४) लापरवाहीको कारण गाउँपालिकालाई हानी नोक्सानी भएको ठहर भएमा विगो बमोजिमको रकम असुल उपर गरिनेछ ।

म्याग्दे गाउँपालिका, तनहुँ

(५) एक तह तलको पदमा घटुवा गर्ने ।

(६) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

(७) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

**३३. नसिहत दिने वा प्रति कूल राय लेख्नेः** नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सकिनेछ । दुई पटक सम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चाल चलन सम्बन्धी प्रतिवेदनमा प्रति कूल राय लेखिनेछ ।

**३४. तलब वृद्धि वा पदोन्नति रोक्नेः** नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

**३५. दर्जा र तलब घटाउनेः**

कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र म्याग्दे गाउँपालिकालाई हानि नोक्सानी पु¥याएकोमा सो समेत निज बाट भराउन सक्नेछ ।

(१) सन्तोषजनक काम नगरेमा ।

(२) अनुशासनहीन व्यवहार प्रदर्शन गरेमा ।

(३) आचरण उल्लंघन गरेमा ।

(४) मनासीव कारण नभई नियुक्ति भएको एक वर्षभित्रै नोकरीबाट अलग हुन कारण झुठ्ठा देखाएमा

(५) आदेश निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा ।

(६) मनासीव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैर हाजिर भएमा ।

(७) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

**३६. सजाय सम्बन्धी कार्यविधिः**

(१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ

(२) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम् वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारीसंग समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सवुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(३) कुनै फौजदारी अभियोगमा पुर्पक्षको लागि थुनामा रहेको नगर प्रहरी कर्मचारी पुर्पक्षको अवधिभर स्वतः निलम्वित हुनेछ

(४) दफा ३५ बमोजिम सजायको प्रकृया अवलम्बन गर्नुपूर्व नगर प्रहरी कर्मचारीलाई सफाइको मौका दिनुपर्नेछ ।

(५) फौजदारी अभियोग लागेको नगर प्रहरी कर्मचारीले अभियोगबाट सफाई पाएमा निज पूर्ववत सेवा सुविधा पाउनेछ।

म्याग्दे गाउँपालिका, तनहुँ

**३७. सजायको आदेश जाँचवुझको लागि दिनेः** काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निजसंग स्पष्टिकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टिकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण चित्त बुझ्दो नभएमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजाय आदेशको एक प्रति निजलाई उपलव्ध गराउनुपर्नेछ ।

## परिच्छेद ८
## सेवा सुविधा

**३८. तलब भत्ता :** (१) नगर प्रहरी कर्मचारीले नियुक्ति करार सम्झौता मिति देखि तलब भत्ता पाउनेछ । त्यस्तो तलव र अन्य सुबिधा सम्झौतामा तोके अनुसार हुने छ ।

(२) नगर प्रहरीले मासिक रु. ३७५०/- राशन भत्ता उपलब्ध गराईने छ ।

(३) चाडपर्व खर्च पाउनेः नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रूपमा पाउनेछ

**३९. तालिमको व्यवस्थाः** नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन गाउँपालिकाले तोकिए बमोजिमको आवश्यकतानुसार अग्नी नियन्त्रण/ बपतकालिन उद्दार/ कार्यालय सुरक्षा/ विशिष्ट व्यक्तित्व सुरक्षा/ अथिति सत्कार/ ट्राफिक व्यवस्थापन/कानून साथै अन्य तालिमहरू दिन सकिनेछ ।

**४०. आन्तरिक तालिमः** एकै पटक नियुक्ति करार भएमा नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउने छ ।

## परिच्छेद ९
## पोशाक

**४१. पोशाकः** (१) नगर प्रहरी कर्मचारीलाई अनुसूची ३ मा तोकिएबमोजिमको पोशाक उपलब्ध गराईनेछ । प्रत्येक नगर प्रहरी कर्मचारीलाई प्रत्येक बर्ष एकसेट पोशाक उपलब्ध गराईनेछ । तर नयाँ नियुक्ति हुदाँको हकमा भने दुई सेट पोशाक उपलब्ध गराईनेछ ।

(२) अनुसूची ४ मा उल्लेखित समानहरू प्रत्येक नगर प्रहरी कर्मचारीलाई प्रत्येक दुई बर्षमा उपलब्ध गराईनेछ ।

(३) नगर प्रहरी कर्मचारीहरूलाई निजहरूको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा सो को मूल्याकंन गरी अर्को पोशाक तथा सामग्री उपलब्ध गराईनेछ ।

**४२. पाठ्यक्रमः** (१) नगर प्रहरी खुला पदपुर्तिको पाठ्यक्रम अनुसुची ५ मा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद १०
## विविध

**४३. संशोधनः** यस कार्यविधिमा आवश्यक संशोधन म्याग्दे गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

**४४. बचाउः** यस अघि करार सेवामा नियुक्त भएका नगर प्रहरी यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

म्याग्दे गाउँपालिका, तनहुँ

**अनुसूची–१**
**(दफा ९ उपदफा (१) संग सम्बन्धित)**
**नगर प्रहरी सहायक निरीक्षक (अ.स.ई)कमण्डर पदको लागि आवश्यक न्यूनतम योग्यताः**

(१) दरखास्त फारम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुगेको र २५ वर्ष ननाघेको । बहालवाला नगर प्रहरीको हकमा पुरुषको हकमा ३५ वर्ष , महिलाको हकमा ४० वर्ष ननाघेको ।

(२) मान्यता प्राप्त विद्यालयबाट कम्तीमा एस.एल.सी./ एस.ई.ई  वा सो सरह उत्तिर्ण गरेको ।

(३) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(४) कुनै राजनीतिक दलको सदस्य नरहेको ।

(५) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

(६) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाती ३१ इन्चदेखि ३३ इन्चसम्म , तौल ५० के.जी. भएको ।

(७) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ के.जी. भएको ।

(८) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(९) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

(१०) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

(११) विध्वंसात्मक कार्यमा संलग्न नरहेको।

(१२) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरि नोकरी बाट वर्खास्त नभएको ।

अनुसूची– १ (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ४५ वर्ष उमेर ननाघेको हुनुपर्नेछ ।

म्याग्दे गाउँपालिका, तनहुँ

**अनुसूची २**
**(दफा ९ उपदफा (२ र ३) संग सम्बन्धित)**

**नगर प्रहरी हवल्दार र जवान पदको लागि आवश्यक न्यूनतम योग्यताः**

(१) दरखास्त फारम दर्ता गर्ने अन्तिम मिति सम्म हवल्दारको हकमा १८ वर्ष उमेर पुगेको र २५ वर्ष ननाघेको साथै जवानको हकमा १८ वर्ष उमेर पुरा भई २४ वर्ष ननाघेको ।

(२) कम्तिमा ८ कक्षा वा सो सरह उत्तिर्ण गरेको ।

(३) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(४) कुनै राजनीतिक दलको सदस्य नरहेको।

(५) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

(६) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाती ३१ इन्चदेखि ३३ इन्चसम्म , तौल ५० के.जी. भएको ।

(७) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ के.जी. भएको ।

(८) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(९) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

(१०) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

(११) विध्वंशात्मक कार्यमा संलग्न नरहेको ।

(१२) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट वर्खास्त नभएको ।

अनुसूची– २ (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ४५ वर्ष उमेर ननाघेको हुनुपर्नेछ ।

म्याग्दे गाँउपालिका, तनहुँ

**अनुसूची ३**
**(दफा ४१ उपदफा (१) संग सम्बन्धित)**

| क्र.सं. | विवरण | थान | रङ्ग |
|---|---|---|---|
| १ | सर्ट | १ | गाढा हरियो |
| २ | पेन्ट | १ | गाढा हरियो |
| ३ | स्वीटर | १ | गाढा हरियो |
| ४ | बेल्ट | १ | गाढा हरियो |
| ५ | जुत्ता | १ जोडी | कालो |
| ६ | क्याप | १ | गाढा हरियो |
| ७ | डोरी सहितको सिट्टी | १ | रातो धागोको डोरी |

म्याग्दे गाउँपालिका, तनहुँ

**अनुसूची ४**
**(दफा ४१ उपदफा (२) संग सम्बन्धित)**

| क्र.सं. | विवरण | थान | रङ्ग |
|---|---|---|---|
| १ | नगर प्रहरी लेखिएको पाखुरामा लगाउने ब्याज कपडाको | १ | आधारमा दुई समकोण भएको पञ्चभुज आकारमा वरिपरि रातो बिट भएको, बिचमा हरियो रङको पृष्ठभूमिमा सेतो रङ्गले म्याग्दे गाउँपालिका नगर प्रहरी लेखिएको |
| २ | कुममा लगाउने | २ | पित्तलको अक्षर "नगर प्रहरी" |
| ३ | छातीमा लगाउने नाम | १ | खागी कपडाको प्लेट बनाइ ब्राउन कलरले नाम लेख्ने |
| ४ | कडा बाँसको डण्डा | १ | लम्बाइ ३ फिट |

म्याग्दे गाउँपालिका, तनहुँ

## अनुसुचि-५

### (दफा ४२ को उपदफा १ संग सम्बन्धित)

| पद | प्रथम द्धितिय चरण प्रारम्भिक स्वास्थ्य परिक्षण र शारीरिक तन्दुरुस्ती परिक्षण | द्धितिय चरण लिखित परिक्षा | चौथो चरण व्यक्तिगत अन्तर्वाता | कुल पुर्णाङ्क | कैफियत |
|---|---|---|---|---|---|
| प्र.स.नि. अ.स.ई | प्रहरी प्रधान कार्यालय काठमाडौको प्रहरी सहायक निरिक्षण पदको खुल्ला प्रतियोगितात्मक परिक्षाका प्रारम्भिक स्वास्थ्य परिक्षण र शारीरिक तन्दुरस्ती परिक्षणको पाठ्यक्रम (१०० अंक) | गाउँपालिकाले स्वीकृत गरेको पाठ्यक्रम अनुसार (५० अंक वस्तुगत) | ४० अंक | १९० अंक | |
| प्रहरी हवल्दार | प्रहरी प्रधान कार्यालय काठमाडौको प्रहरी जवान पदको खुल्ला प्रतियोगितात्मक परिक्षाका प्रारम्भिक स्वास्थ्य परिक्षण र शारीरिक तन्दुरस्ती परिक्षणको पाठ्यक्रम (१०० अंक) | गाउँपालिकाले स्वीकृत गरेको पाठ्यक्रम अनुसार (५० अंक वस्तुगत) | २० अंक | १७० अंक | |
| प्रहरी जवान | प्रहरी प्रधान कार्यालय काठमाडौको प्रहरी जवान पदको खुल्ला प्रतियोगितात्मक परिक्षाका प्रारम्भिक स्वास्थ्य परिक्षण र शारीरिक तन्दुरस्ती परिक्षणको पाठ्यक्रम (१०० अंक) | गाउँपालिकाले स्वीकृत गरेको पाठ्यक्रम अनुसार (५० अंक वस्तुगत) | २० अंक | १७० अंक | |

क. नगर प्रहरी प्र.स.नि. अ.स.ई/ करार पदको लिखित परिक्षको स्वीकृत पाठ्यक्रम पुर्णाङ्कः५०, उत्रिणः २०

| सि.न. | पाड्यक्रमको विषय | प्रश्न संख्य वस्तुगत | अङ्कभार | समय |
|---|---|---|---|---|
| १ | नेपालको संविधान-२०७२ | ५ प्रश्न*२ अंक | १० | ६ मिनेट |
| २ | नगर प्रहरी ऐन-२०८० तथा नगर प्रहरी कार्यविधि-२०८० | ५ प्रश्न*२ अंक | १० | ६ मिनेट |
| ३ | सामान्य ज्ञान (नेपाल भित्रको) | ५ प्रश्न*२ अंक | १० | ६ मिनेट |
| ४ | स्थानीय सरकार सञ्चालन ऐन-२०७४ | ५ प्रश्न*२ अंक | १० | ६ मिनेट |
| ५ | भ्रष्ट्रचार निवारण ऐन २०५९ | ५ प्रश्न*२ अंक | १० | ६ मिनेट |
| | **कुल पुर्णाङ्क** | | **५०** | **३० मिनेट** |

ख. नगर प्रहरी हवल्दार/करार पदको लिखित परिक्षाको स्वीकृत पाठ्यक्रम पुर्णाङ्कः ५०, उत्रिणः २०

| सि.न. | पाड्यक्रमको विषय | प्रश्न संख्य वस्तुगत | अङ्कभार | समय |
|---|---|---|---|---|
| १ | सामान्य ज्ञान (नेपाल भित्रका) | १० प्रश्न*२ | २० | १२ मिनेट |
| २ | नगर प्रहरी ऐन-२०८० तथा नगर प्रहरी कार्यविधि-२०८० | ५ प्रश्न*२ अंक | १० | ६ मिनेट |
| ३ | भ्रष्ट्रचार निवारण ऐन २०५९ | ५ प्रश्न*२ अंक | १० | ६ मिनेट |
| ४ | स्थानीय सरकार सञ्चालन ऐन-२०७४ | ५ प्रश्न*२ अंक | १० | ६ मिनेट |
| | **कुल पुर्णाङ्क** | | **५०** | **३० मिनेट** |

म्याग्दे गाउँपालिका, तनहुँ

ग. नगर प्रहरी हवल्दार/करार पदको लिखित परिक्षाको स्वीकृत पाठ्यक्रम पुर्णाङ्कः ५०, उत्रिणः २०

| सि.न. | पाठ्यक्रमको विषय | प्रश्न संख्या वस्तुगत | अङ्कभार | समय |
|---|---|---|---|---|
| १ | सामान्य ज्ञान (नेपाल भित्रका) | १० प्रश्न*२ | २० | १२ मिनेट |
| २ | नगर प्रहरी ऐन-२०८० तथा नगर प्रहरी कार्यविधि-२०८० | ५ प्रश्न*२ अंक | १० | ६ मिनेट |
| ३ | नेपालको संविधान २०७२ | १० प्रश्न*२ | २० | १२ मिनेट |
| | **कुल पुर्णाङ्क** | **२५** | **५०** | **३० मिनेट** |

आज्ञाले

नारायण प्रसाद अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

म्याग्दे गाउँपालिका, तनहुँ